# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० चैत १८ गते

## संक्रमणकालीन न्यायिक संयन्त्र अन्तर्राष्ट्रिय मापदण्डअनुरुप बन्नुपर्छ

विगतको सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकार हनन्का घटनाहरूको सम्बोधन गर्नका लागि निर्माण गर्नुपर्ने संक्रमणकालीन न्यायका संयन्त्रहरूको स्थापनार्थ नेपाल सरकारबाट गठन भएको विधेयक मस्यौदा कार्यदलसँग आयोगमा आज छलफल भएको छ । यस क्रममा आयोगबाट संक्रमणकालीन न्यायका संयन्त्रहरू (सत्य निरुपण तथा मेलमिलाप आयोग र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग), सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकार हनन्का घटनाहरूका पीडितहरूलाई न्याय दिन र समाजमा मेलमिलापको वातावरण कायम गर्न सक्षम हुने गरी विकसित अन्तर्राष्ट्रिय अभ्यासअनुरुप स्वतन्त्र, सक्षम, अधिकारसम्पन्न एवम् निष्पक्ष हुनुपर्ने तथा सर्वोच्च अदालतका आदेशहरू र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस तथा सुझावहरू अनुरूप कानुनको मस्यौदा गर्नुपर्ने सुझाव दिइएको छ । यी आयोगहरूको स्वयत्तता र स्वतन्त्रताको प्रत्याभूति हुनुपर्ने कुरामा पनि जोड दिइएको छ ।

गम्भीर मानव अधिकार उल्लङ्घनका दोषीलाई कारवाही हुने सुनिश्चित गर्ने तथा सत्य अन्वेषण गर्ने वातावरणको सिर्जना, राहत क्षतिपूर्ति र परिपूरणमा पीडितको अधिकारको सम्मान, बलपूर्वक बेपत्ता तथा यातनाजस्ता गम्भीर मानव अधिकार हनन्का विषयलाई अपराधीकरण गर्नुपर्ने, अनुसन्धानको क्रममा सम्पर्कमा आएका पीडित, साक्षी र सूचनादाताहरूको सुरक्षा र मर्यादाको सम्मान हुने प्रावधनाहरू समेट्न सुझाव दिइएको छ ।

यसका साथै संक्रमणकालीन न्यायका संयन्त्रले लैङ्गिक सवालमा संयुक्त राष्ट्रसंघको घोषणा, १३२५ र १८२० लाई सम्बोधन गर्नुपर्ने, संक्रमणकालीन न्यायका संयन्त्रहरूबाट सत्यको अन्वेषण (Truth Seeking), अभियोजन (Prosecution), परिपूरण (Reparation), मानव अधिकारको गम्भीर हनन्मा संलग्न व्यक्तिहरूलाई सार्वजनिक पदबाट हटाउने कार्य (Vetting) र संस्थागत सुधार (Institutional Reform) सम्बन्धी कार्यहरू गरिने हुँदा यी पाँचवटै कार्यलाई अङ्गीकार गरेर पीडितलाई न्याय दिँदै मेलमिलाप (Reconciliation) गर्ने किसिमको कानुन निर्माण गर्नुपर्नेलगायतका विषयहरूमा सुझावहरू दिइएको छ ।

कानून निर्माणदेखि न्याय सम्पादन प्रक्रियासम्म पीडितहरूको अधिकतम् सहभागितालाई सुनिश्चित गर्नुपर्ने, कानुन निर्माण गर्दा पीडित तथा सम्बन्धित सरोकारवालाहरूसँग व्यापक परामर्श गरी प्राप्त सुझावहरूलाई समावेश गरेरमात्र कानुन निर्माण गर्नुपर्नेलगायतका विषयहरू समेत सुझाव दिइएको छ ।

(वेदप्रसाद भट्टराई)
कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org